बेलडाँडी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी  गाउँ शिक्षा समिति तथा गाउँ कार्यपालिकाको निर्णयः

आज मिति २०७८/१०/२४ गतेका दिन यस बेलडाँडी गाउँपालिका का अध्यक्ष एवंम बेलडाँडी गाउँ शिक्षा समितिका अध्यक्ष श्री धन बहादुर थापा (क्षेत्री) ज्यू को अध्यक्षतामा बैठक बसी तपशिलको उपस्थिति मा देहाय बमोजिमका निर्णय हरु पारित गरियो ।

## उपस्थिति

१. अध्यक्ष श्री धन बहादुर थापा (क्षेत्री) गा.पा अध्यक्ष
२. सदस्य श्री दुर्गा प्रसाद चौधरी
३. " श्री खगेश्वरी भण्डारी
४. " श्री कल्पना गिरी
५. " श्री शान्ति जोशी
६. " श्री सोनु कामी
७. " श्री कुमारी सत्या रोकाया
८. " श्री कर्ण बहादुर कुँवर
९. " श्री मदन राज गिरी
१०. "सचिव श्री भानु भक्त जोशी

## अन्य उपस्थिति

श्री कमला देवी कार्की गा.पा. उपाध्यक्ष
" पदम राज जोशी प्रमुख प्रशासकीय अधिकृत
" लोकेन्द्र बहादुर शाही प्रा. स.
" राम प्रसाद सैरी शिक्षा शाखा प्रतिनिधि

## प्रस्ताव / निर्णयहरु

क्रमशः

**प्रस्ताव नं. १ प्रारम्भिक बाल विकास शिक्षक दरबन्दी पुनर्वितरण तथा व्यवस्थापन सम्बन्धमा -**

**निर्णय नं. १ -** यस बेलडाँडी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकासमा कार्यरत शिक्षकहरुलाइ प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका,२०६१, साविकको शिक्षा विभाग सानोठिमी, भक्तपुरका परिपत्रहरु, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सुझाव कार्यदल बेलडाँडीको प्रतिवेदन र स्थानीय आवश्यकता समेतका आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड (ज) को ११ बमोजिम शैक्षिक सत्र २०७९ बैशाख १ गतेदेखि लागु हुने गरी तपशिल अनुसार पुनर्वितरण तथा व्यवस्थापन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

| क सं | विद्यालयको नाम र ठेगाना | हाल कायम रहेको बालविकास शिक्षक कोटा | २०७७ को विद्यार्थी संख्या | बालविकास शिक्षक व्यवस्थापन तथा पुनर्वितरण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | कटिने शिक्षक कोटा | थप हुने शिक्षक कोटा | कोटा सहित स्थानान्तरण हुने शिक्षकको नाम थर | नयाँ कायम हुने शिक्षक कोटा |
| १ | श्री सिद्धनाथ बेलडाँडी ३ चौफेरी | १ | २४ | | | | १ |
| २ | श्री गणेश मा वि बेलडाँडी ५ भुर्षा | ३ (१ रिक्त) | २४ | १ रिक्त कोटा | | | २ |
| ३ | श्री वैजनाथ मा वि बेलडाँडी ५ झिल्मिला | १ | २० | | १ | धर्मा रोकाया | २ |
| ४ | श्री सिद्धनाथ आ.वि.बेलडाँडी -१ सिद्धचोक | १ | १४ | | | | १ |
| ५ | श्री रौलेश्वर मा बेलडाँडी २ बेलडाँडी | १ | २२ | | | | १ |
| ६ | श्री कञ्चन आ वि बेलडाँडी २ चन्दनवस्ती | १ | २८ | | १ | रिक्त कोटा | २ |
| ७ | श्री सरस्वती जनता मा बेलडाँडी ४ वैवाहा | १ | २० | | | | १ |
| ८ | श्री कालिका आ वि बेलडाँडी ५ झिल्मिला | ३ | १२ | १ | | | २ |
| ९ | श्री राधाकृष्ण जनप्रिय आ बेलडाँडी ३ | १ | २३ | | | | १ |
| १० | श्री कालिका आ वि बेलडाँडी १ चन्दनबस्ती | २ | ३३ | | | | २ |
| ११ | श्री त्रिशुली आ वि बेलडाँडी २ चवली | ३ | २९ | १ | | | २ |

क्रमशः

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | श्री सरस्वतीमा वि बेलडाँडी १ झरनासागर | २ | ३२ | | | | २ |
| १३ | श्री सिंहपाल आ वि बेलडाँडी २ चवन्नी | २ | २४ | | | | २ |
| १४ | श्री शैलेश्वरी आ वि बेलडाँडी २ ढकनिया | १ | ३७ | | | सुधा कुँवर | २ |
| | जम्मा | २३ | ३४२ | ३ | ३ | | २३ |

**दरबन्दी मिलानको क्रममा स्थानान्तरण/पदस्थापन हुने बालविकास शिक्षकहरुको विवरण**

| क सं | दरबन्दी मिलानको क्रममा स्थानान्तर भइ जाने बालविकास शिक्षकको नाम थर | नियुक्ति मिति | हाल कार्यरत विद्यालय | स्थानानान्तरण/पदस्थापन हुने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | रिक्त कोटा | - | गणेश मा वि बेलडाँडी ५ | कञ्चन आ वि बेलडाँडी २ | कोटा सहित |
| २ | धर्मा रोकाया | २०७३।०१।०२ | कालिका आ वि बेलडाँडी ५ | बैजनाथ मा वि बेलडाँडी ५ | कोटा सहित |
| ३ | सुधा कुँवर | २०६५।०८।२२ | त्रिशुली आ वि बेलडाँडी २ | शैलेश्वरी आ वि बेलडाँडी २ | कोटा सहित |

**प्रस्ताव नं. २. आधारभूत तह (साविकको प्राथमिक, कक्षा १–५ ) को शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धा-**

**निर्णय नं. २** बेलडाँडी गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०७८।०८।०७ गतेको बैठकको निर्णयानुसार बेलडाँडी गाउँ कार्यपालिकाको मिति २०७७।१२।१० गतेको बैठकले बेलडाँडी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको प्राथमिक तह (कक्षा १-५) को दरबन्दी यथावत रहने गरी मिलान तथा व्यवस्थापन गर्ने निर्णयलाइ मान्यता दिंदै बेलडाँडी गाउँपालिका वडा नं २ स्थित श्री कञ्चन आधारभूत विद्यालयको स्वीकृति तथा तहगत प्रधानाध्यापक व्यवस्थापनका लागि उक्त विद्यालयमा कायम रहेको राहत दरबन्दीसंग मिलान हुने गरी कम्तीमा १ स्वीकृत दरबन्दी कायम गर्न प्राथमिक तहमा हाल प्रधानाध्यापक पदमा बहाल रहेका शिक्षकहरु बाहेकका स्थायी शिक्षकहरु मध्येबाट स्वेच्छिकरुपमा निवेदन आह्वान गर्न ७ दिने सूचना प्रकाशित गरिएकोमा श्री बैजनाथ माध्यमिक विद्यालय बेलडाँडी ५ झिल्मिलाको प्राथमिक तह द्वितीय श्रेणीमा कार्यरत स्थायी शिक्षक श्री चन्द्रदत्त भट्टको मात्र एकल निवेदन पेश भएको र सो का लागि श्री कञ्चन आधारभूत विद्यालय बेलडाँडी गाउँपालिका २ को विद्यालय व्यवस्थापन समितिको मिति २०७८।१०।२० गतेको पत्रबाट सहमति समेत प्राप्त भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड (ज) को ११ बमोजिम शैक्षिक सत्र २०७९ बैशाख १ गतेबाट लागु हुने गरी निज शिक्षकलाइ उक्त विद्यालयमा सरुवा / पदस्थापन गर्ने र उक्त विद्यालयमा नियुक्ति मितिका आधारमा कनिष्ट राहत कोटामा कार्यरत शिक्षक प्रेमा बडवाललाइ श्री बैजनाथ माध्यमिक विद्यालय बेलडाँडी ५ झिल्मिलाको प्राथमिक तहको शिक्षक पदमा सरुवा तथा पदस्थापन हुने गरी मिलान तथा व्यवस्थापन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

क्रमशः

## दरबन्दी मिलान तथा व्यवस्थापन पश्चातको प्राथमिक तहको शिक्षक दरबन्दी संरचना

| क सं | विद्यालयको नाम र ठेगाना | शै स २०७५ को विद्यार्थी संख्या | तह: प्राथमिक तह कक्षा १-५ को मौजुदा शिक्षक दरबन्दी | | | | नयाँ कायम हुने शिक्षक दरबन्दी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | राहत | अ. करार | जम्मा शि संख्या | स्थायी | राहत | अ. करार | जम्मा शि संख्या |
| १ | रौलेश्वर मा वि बेलडाँडी २ | १४० | ४ | १ | ० | ५ | ४ | १ | ० | ५ |
| २ | सरस्वती जनता मा वि बेलडाँडी ४ | १५२ | ५ | १ | ० | ६ | ५ | १ | ० | ६ |
| ३ | सिंहपाल आ वि बेलडाँडी २ | १०२ | ५ | १ | ० | ६ | ५ | १ | ० | ६ |
| ४ | सरस्वती मा वि बेलडाँडी १ | १४३ | ३ | २ | १ | ६ | ३ | २ | १ | ६ |
| ५ | कालिका आ वि बेलडाँडी १ | ७९ | २ | १ | ० | ३ | २ | १ | ० | ३ |
| ६ | सिद्धनाथ आ वि बेलडाँडी १ | ७८ | १ | २ | ० | ३ | १ | २ | ० | ३ |
| ७ | राधाकृष्ण जनप्रिय आ वि बेलडाँडी ३ | ५७ | १ | २ | ० | ३ | १ | २ | ० | ३ |
| ८ | कञ्चन आ वि बेलडाँडी १ | ८५ | ० | २ | ० | २ | १ | २ | ० | ३ |
| ९ | त्रिशुली आ वि बेलडाँडी २ | ७३ | १ | २ | ० | ३ | १ | १ | ० | २ |
| १० | सिद्धनाथ मा वि बेलडाँडी ३ | १९१ | ४ | १ | ० | ५ | १ | २ | ० | ३ |
| ११ | शैलेश्वरी आ वि बेलडाँडी २ | १२४ | १ | ० | ० | १ | ४ | १ | ० | ५ |
| १२ | गणेश मा वि बेलडाँडी ५ | १०१ | ४ | १ | ० | ५ | १ | ० | ० | १ |
| १३ | बैजनाथ मा वि बेलडाँडी ५ | १६८ | ५ | १ | ० | ६ | ४ | १ | ० | ५ |
| १४ | कालिका आ वि बेलडाँडी ५ | ४९ | २ | ० | १ | ३ | ४ | २ | ० | ६ |
| | जम्मा | १५४२ | ३८ | १७ | २ | ५७ | २ | ० | १ | ३ |
| | | | | | | | ३८ | १७ | २ | ५७ |

क्रमशः

दरबन्दी मिलानका क्रममा सरुवा/पदस्थापन हुने शिक्षकहरुको विवरण

| क सं | शिक्षकको नाम थर | नियुक्तिको किसिम | तह र श्रेणी | नियुक्ति मिति | हाल कार्यरत विद्यालय | सरुवा/पदस्थापन हुने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | चन्द्रदत्त भटट | स्थायी | प्रा.वि. द्वितीय | २०४८।०५।२५ | वैजनाथ मा वि बेलडाँडी ५ | कञ्चन आ वि बेलडाँडी २ | विद्यालय स्वीकृतिका लागि |
| २ | प्रेमा वडवाल | राहत | प्रा. वि. | २०६६।०३।१८ | कञ्चन आ वि बेलडाँडी २ | वैजनाथ मा वि बेलडाँडी ५ | कोटा सहित |

**प्रस्ताव नं. ३.- निम्न माध्यमिक तह (कक्षा ६-८) को शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धमा –**

**निर्णय नं. ३** - बेलडाँडी गाउँ कार्यपालिकाको मिति २०७८।०४।१३ गतेको बैठकबाट बेलडाँडी गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुको आधारभूत तह (साविकको निम्न माध्यमिक तह कक्षा ६-८) को दरबन्दी यथावत रहने गरी मिलान तथा व्यवस्थापन भइसकेकाले सोही निर्णयलाइ मान्यता दिने तर श्री रौलेश्वर माध्यमिक विद्यालय बेलडाँडी गाउँपालिका २ को निम्न माध्यमिक तहमा हाल कायम रहेका ४ वटा स्वीकृत दरबन्दी मध्ये २ वटा अंग्रेजी विषयका दरबन्दी रहेकोले उक्त दरबन्दी व्यवस्थापन गर्नैपर्ने तर पालिका भित्रका अन्य सामुदायिक विद्यालयहरुको सोही तहको स्वीकृत/राहत दरबन्दीसंग मिलान गर्न विषय नमिलेकाले श्री सिंहपाल आधारभूत विद्यालय बेलडाँडी २ लाइ निम्न माध्यमिक तहको स्वीकृति प्रदान गर्न उक्त दरबन्दी व्यवस्थापन गर्ने र श्री सिंहपाल आ वि को निम्न माध्यमिक तहमा रहेको गाउँपालिकाको अनुदान कोटाको नेपाली विषयको शिक्षकलाइ श्री रौलेश्वर माध्यमिक विद्यालय बेलडाँडी २ को निम्न माध्यमिक तहमा व्यवस्थापन गर्दा दुबै विद्यालयको आवश्यकता पूरा हुने देखिएकोले सोही बमोजिम शिक्षक व्यवस्थापन गर्ने सहमतिका लागि सम्बन्धित विद्यालयहरुलाइ पत्राचार गर्ने बेलडाँडी गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०७८।०८।१४ गतेको निर्णयानुसार पत्राचार गरिएकोमा श्री सिंहपाल आधारभूत विद्यालय बेलडाँडी २ को च. नं. २५ मिति २०७८।०८।२३ गतेको र श्री रौलेश्वर माध्यमिक विद्यालय बेलडाँडी २ को च नं २१६ मिति २०७८।०८।२२ गतेको पत्रबाट दुबै विद्यालय व्यवस्थापन समितिको निर्णय सहित सहमति प्राप्त भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड (ज) बमोजिम शैक्षिक सत्र २०७९ बैशाख १ गतेदेखि लागू हुने गरी तपशिल बमोजिम शिक्षक दरबन्दी व्यवस्थापन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

## दरबन्दी मिलान/व्यवस्थापन पश्चात निम्न माध्यमिक तहको दरबन्दी संरचना

| क सं | विद्यालयको नाम र ठेगाना | शैक्षिक सत्र २०७५ को विद्यार्थी संख्या | तह<br>निम्न माध्यमिक तह कक्षा ६-८ को मौजुदा शिक्षक दरबन्दी (संख्यात्मक)<br>स्थायी | राहत | अ. करार | जम्मा शिक्षक संख्या | मौजुदा विषयगत दरबन्दी | निम्न माध्यमिक तह कक्षा ६-८ को नयाँ कायम हुने शिक्षक दरबन्दी (संख्यात्मक)<br>स्थायी | राहत | अ. करार | जम्मा शिक्षक संख्या | नयाँ कायम हुने विषयगत दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रौलेश्वर मा वि बेलडाँडी २ | २५८ | ४ | ० | ० | ४ | अंग्रेजी २<br>गणित १<br>सामाजिक १ | ३ | ० | ० | ३ | अंग्रेजी १<br>गणित १<br>सामाजिक १ |
| २ | सरस्वती जनता मा वि बेलडाँडी ४ | २४० | १ | २ | ० | ३ | अंग्रेजी १<br>नेपाली १<br>गणित १ | १ | २ | ० | ३ | अंग्रेजी १<br>नेपाली १<br>गणित १ |
| ३ | सिंहपाल आ वि बेलडाँडी २ | १५० | ० | ० | ० | ० | | १ | ० | ० | १ | अंग्रेजी १ |
| ४ | सरस्वती मा वि बेलडाँडी १ | २४८ | ० | २ | ० | २ | गणित १<br>अंग्रेजी १ | ० | २ | ० | २ | गणित १<br>अंग्रेजी १ |
| ५ | सिद्धनाथ आ वि बेलडाँडी १ | १२ | ० | ० | ० | ० | | ० | ० | ० | ० | |
| ६ | राधाकृष्ण जनप्रिय आ वि बेलडाँडी ३ | | ० | ० | ० | ० | | ० | ० | ० | ० | |
| ७ | सिद्धनाथ मा वि बेलडाँडी ३ | १७३ | ० | २ | ० | २ | नेपाली १<br>विज्ञान/गणित १ | ० | २ | ० | २ | नेपाली १<br>गणित/विज्ञान १ |
| ८ | शैलेश्वरी आ वि बेलडाँडी २ | १३ | ० | ० | ० | ० | | ० | ० | ० | ० | |
| ९ | गणेश मा वि बेलडाँडी ५ | १५१ | ३ | ० | ० | ३ | सामाजिक१<br>नेपाली१<br>गणित/विज्ञान १ | ३ | ० | ० | २ | सामाजिक १<br>नेपाली१<br>गणित/विज्ञान १ |
| १० | वैजनाथ मा वि बेलडाँडी ५ | १९९ | ० | २ | ० | २ | गणित/विज्ञान १<br>सामाजिक १ | ० | २ | ० | २ | गणित/विज्ञान१<br>सामाजिक १ |
| | जम्मा | १२९४ | ८ | ८ | ० | १६ | | ८ | ८ | ० | १६ | |

क्रमशः

दरबन्दी मिलान/व्यवस्थापनको क्रममा सरुवा तथा पदस्थापन हुने शिक्षकहरुको विवरण

| क्र सं | शिक्षकको नाम थर | किसिम | तह र श्रेणी | नियुक्ति मिति | हाल कार्यरत विद्यालय | नियुक्तिको विषय | सरुवा/पदस्थापन हुने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | केशवसिंह साउँद | स्थायी | निमावि तृतीय | २०६३।०५।२८ | रौलेश्वर मा वि बेलडाँडी २ | अंग्रेजी | सिंहपाल आ. वि. बेलडाँडी २ | विद्यालय स्वीकृतिका लागि |
| २ | लालबहादुर बुढा | गापा अनुदान | निमावि | २०७६ | सिंहपाल आ. वि. बेलडाँडी २ | नेपाली | रौलेश्वर मा. वि. बेलडाँडी २ | अनुदान सहित |

**प्रस्ताव नं. ४. माध्यमिक तह (कक्षा ९-१०) को दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धमा –**

**निर्णय नं. ४** - बेलडाँडी गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०७८।०८।०७ गतेको बैठकको निर्णयानुसार शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सुझाव कार्यदल बेलडाँडीको प्रतिवेदनका साथै स्थानीय आवश्यकताका आधारमा समेत हालसम्म माध्यमिक तहको स्वीकृति र तहगत प्रधानाध्यापक पाउन बाँकी रहेका श्री सरस्वती जनता माध्यमिक विद्यालय बेलडाँडी ४ वैवाहा, श्री गणेश माध्यमिक विद्यालय बेलडाँडी ५ भुर्षा र श्री बैजनाथ माध्यमिक विद्यालय बेलडाँडी ५ झिल्मिलाको माध्यमिक तहको स्वीकृति र तहगत प्रधानाध्यापक व्यवस्थापनका लागि हाल माध्यमिक तहमा उपलब्ध स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट प्रत्येक माध्यमिक विद्यालयमा कम्तीमा १ स्वीकृत दरबन्दी कायम गर्न (यसरी दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा श्री बैजनाथ मा वि बेलडाँडी ५ को माध्यमिक तहमा राहत दरबन्दी शुन्य रहेकाले सो विद्यालयमा सरुवा/पदस्थापन हुने शिक्षकको सट्टा श्री रौलेश्वर माध्यमिक विद्यालय बेलडाँडी २ लाइ अर्को व्यवस्था नभएसम्मका लागि निरन्तररुपमा माध्यमिक तहको अनुदान शिक्षक गाउँपालिकाले उपलब्ध गराउने बेलडाँडी गाउँ कार्यपालिकाको मिति २०७८।०९।०७ गतेको बैठकको निर्णय भएको) शिक्षकहरुलाइ स्वेच्छिकरुपमा विद्यालय रोज्न ७ दिने सूचना प्रकाशित गरिएकोमा विद्यालय रोज्न निवेदन दिएका शिक्षकहरुलाइ रोजेकै विद्यालयमा र निवेदन पेश नगरेका शिक्षकलाइ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड ज को ११ बमोजिम तथा श्री रौलेश्वर माध्यमिक विद्यालय बेलडाँडी २ को च नं २३८ मिति २०७८।१०।१६ गतेको सहमति पत्र समेतका आधारमा शैक्षिक सत्र २०७९ बैशाख १ गतेदेखि लागु हुने गरी तपशिल बमोजिम मिलान तथा व्यवस्थापन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

क्रमशः

## दरबन्दी मिलान तथा व्यवस्थापन पश्चात माध्यमिक तहको शिक्षक दरबन्दी संरचना

| क सं | विद्यालयको नाम र ठेगाना | शैक्षिक सत्र २०७५ को विद्यार्थी संख्या | तह: माध्यमिक ९-१० को मौजुदा शिक्षक दरबन्दी | | | | मौजुदा विषयगत दरबन्दी | माध्यमिक तह ९-१० को नयाँ कायम हुने शिक्षक दरबन्दी | | | नयाँ कायम हुने विषयगत दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | राहत | जम्मा शिक्षक दरबन्दी | विद्यार्थी शिक्षक अनुपात | | स्थायी | राहत | जम्मा शिक्षक दरबन्दी | |
| १ | रौलेश्वर मा वि बेलडाँडी २ | १७३ | ४ | १ | ५ | ३४.६ | नेपाली १ अंग्रेजी १ गणित १ विज्ञान १ सामाजिक१ | १ | ३ | ४ | गणित १ विज्ञान१ सामाजिक१ अंग्रेजी १ |
| २ | सरस्वती जनता मा वि बेलडाँडी ४ | १७५ | ० | ३ | ३ | ५८.३ | सामाजिक १ अंग्रेजी १ शिक्षा १ | १ | २ | ३ | सामाजिक१ अंग्रेजी १ शिक्षा १ |
| ३ | सरस्वती मा वि बेलडाँडी १ | १४३ | १ | ० | १ | १४३ | सामाजिक १ | १ | ० | १ | सामाजिक१ |
| ४ | सिद्धनाथ मा वि बेलडाँडी ३ | १०४ | १ | ० | १ | १०४ | सामाजिक १ | १ | ० | १ | सामाजिक१ |
| ५ | गणेश मा वि बेलडाँडी ५ | १२० | ० | ४ | ४ | ३० | अंगेजी १ सामाजिक१ विज्ञान १ गणित १ | १ | ३ | ४ | अंगेजी१ सामाजिक१ विज्ञान १ गणित १ |
| ६ | वैजनाथ मा वि बेलडाँडी ५ | १३१ | ० | ० | ० | १३१ | | १ | ० | १ | नेपाली १ |
| | जम्मा | ८४६ | ६ | ८ | १४ | | | ६ | ८ | १४ | |

क्रमशः

### दरबन्दी मिलानको क्रममा सरुवा/पदस्थापन हुने शिक्षकहरुको विवरण

| क्र सं | शिक्षकको नाम थर | किसिम | तह र श्रेणी | नियुक्ति मिति | नियुक्तिको विषय | हाल कार्यरत विद्यालय | सरुवा/पदस्थापन हुने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | दिपेन्द्रबहादर बुढा | स्थायी | मावि तृतीय | २०७२।०९।०१ | अंग्रेजी | रौलेश्वर मा वि बेलडाँडी २ | सरस्वती जनता मावि बेलडाँडी ४ | माध्यमिक तहको स्वीकृतिका लागि |
| २ | जनकबहादुर थापा | स्थायी | मावि तृतीय | २०७३।११।०२ | सामाजिक | रौलेश्वर मा वि बेलडाँडी २ | गणेश मा वि बेलडाँडी ५ | माध्यमिक तहको स्वीकृतिका लागि |
| ३ | मोहनराज मिश्र | स्थायी | मावि तृतीय | २०७५।१२।२९ | नेपाली | रौलेश्वर मा वि बेलडाँडी २ | बैजनाथ मा वि बेलडाँडी ५ | माध्यमिक तहको स्वीकृतिका लागि |
| ४ | अमरबहादुर शाही | राहत | मावि तृतीय | २०७१।१०।०८ | अंग्रेजी | सरस्वती जनता मा वि बेलडाँडी ४ | रौलेश्वर मावि बेलडाँडी २ | |
| ५ | मोहनराज जोशी | राहत | मावि तृतीय | २०६५।०८।०३ | सामाजिक | गणेश मावि बेलडाँडी ५ | रौलेश्वर मा वि बेलडाँडी २ | |
| ६ | माध्यमिक तहको शिक्षक | गापा अनुदान | | - | नेपाली | - | रौलेश्वर मा वि बेलडाँडी २ | नेपाली विषयको स्वीकृत दरबन्दीको सट्टामा |

**<u>प्रस्ताव नं. ५ - दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी गाउँ शिक्षा समितिका निर्णयहरु अनुमोदनका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने सम्बन्धमा</u>**

<u>निर्णय नं. ५</u> – आज मिति २०७८।१०।२४ गतेको बेलडाँडी गाउँ शिक्षा समितिको बेलडाँडी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको प्रारम्भिक बालविकास देखि माध्यमिक तहसम्मको दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी उपरोक्त ४ वटै निर्णयहरु अनुमोदनका लागि बेलडाँडी गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय सर्व सम्मतिले पारित गरियो ।

.९- **गाउँ शिक्षा समितिको निर्णय** अनुमोदन सम्बन्धमा ।
९:-प्रस्ताव नं. ९ माथि छलफल हुँदा गाउँ शिक्षा समिति बेलडाँडी, कंचनपुरले गरेका देहायका निर्णयहरु
गर्ने निर्णय सर्वसम्मतबाट पा,रित गरियो ।

शिक्षा समिति बेलडाँडी, कचनपुरको मिति २०७८/१०/२४ मा भएको शिक्षक दरबन्दी मिलान गर्ने
निर्णयहरु ।

पद्म राज जोशी
प्रमुख प्रशासकीय अधिकृत